आज मिति २०८२ साल असोज २४ गते शुक्रबारका दिन भानु नगरपालिका, नगर कार्यपालिकाको आ.व.२०८२/०८३ को तेस्रो बैठक नगर प्रमुख श्री आनन्द राज त्रिपाठी ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बस्यो ।

उपस्थितिः

१. श्री आनन्द राज त्रिपाठी (नगर प्रमुख)
२. श्री उमा गोतामे (उप प्रमुख)
३. श्री सुरज श्रेष्ठ प्रमुख प्रशासकीय अधिकृत (सचिव)
४. श्री कान्छीमाया तामाङ (वडाध्यक्ष १ नं.वडा)
५. श्री केशवराज त्रिपाठी (वडाध्यक्ष २ नं.वडा)
६. श्री तुल कुमार गुरुङ्ग (वडाध्यक्ष ३ नं.वडा)
७. श्री हर्क बहादुर थापा क्षेत्री (का.व.अध्यक्ष ४ नं.वडा)
८. श्री नहकुल अधिकारी (वडाध्यक्ष ५ नं.वडा)
९. श्री धिरेश खनाल (वडाध्यक्ष ६ नं.वडा)
१०. श्री चिज कुमार श्रेष्ठ (का.व.अध्यक्ष ७ नं.वडा)
११. श्री ईश्वर बहादुर घिमिरे (वडाध्यक्ष ८ नं.वडा)
१२. श्री मिन बहादुर गुरुङ्ग (वडाध्यक्ष ९ नं.वडा)
१३. श्री हरिहर उप्रेती (वडाध्यक्ष १० नं.वडा)
१४. श्री विमलराज जोशी (वडाध्यक्ष ११ नं.वडा)
१५. श्री बेल बहादुर अधिकारी (वडाध्यक्ष १२ नं.वडा)
१६. श्री कृष्ण बहादुर अधिकारी (वडाध्यक्ष १३ नं.वडा)
१७. श्री विन्दा रानाभाट (का.पा. सदस्य)
१८. श्री धन बहादुर वि.क. (का.पा. सदस्य)
१९. श्री प्रविना थापा मगर (का.पा. सदस्य)
२०. श्री रविन भुजेल (का.पा. सदस्य)
२१. श्री राजु सुर्खाली (का.पा. सदस्य)
२२. श्री सावित्री सुनार (का.पा. सदस्य)
२३. श्री सकिना खातुन (का.पा. सदस्य)
२४. श्री शान्ता कुमारी मिजार लम्साल (का.पा. सदस्य)

अन्य उपस्थितिः

२५. श्री सुनिल पाण्डे (वरिष्ठ प्रशासकीय अधिकृत)
२६. श्री राजिव घिमिरे (सूचना प्रविधि अधिकृत)
२७. श्री अमित लामा (३ नं. वडा सदस्य)

भानु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पत्रशेटार, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

## भानु नगरपालिका, नगर कार्यपालिकाको मिति २०८२/०६/२४ गते बसेको आ.व.२०८२/०८३ को तेस्रो बैठकका प्रस्ताव तथा निर्णयहरु:

प्रस्तावः-

१. आ.व. २०८२/०८३ दोस्रो बैठकको समीक्षा सम्बन्धमा ।

२. चाडपर्व लक्षित सरसफाई सम्बन्धमा।

३. आ.व. २०८२/०८३ योजना प्रगति समीक्षा सम्बन्धमा।

४. नेपाल सम्वत, तिहार तथा छठ पर्वको शुभकामना सम्बन्धमा।

५. भूमि समस्या समाधान सम्बन्धमा।

६. विविध ।

निर्णय नं.१ भानु नगरकार्यपालिकाको मिति २०८२/०५/२० गते बसेको आ.व. २०८२/०८३ को दोस्रो कार्यपालिका बैठकको निर्णयहरुको समीक्षा गरियो ।

निर्णय नं.२ नेपालीहरुको महान र ठूला पर्वहरु नजिकिदै गरेकोले नगर क्षेत्रभित्र नागरिकहरुको आवागमनलाई सहज र सरल एंव प्रभावकारी बनाउन "नगर क्षेत्र सडक सञ्जाल सुधार अभियान सञ्चालन गर्ने निर्णय गरियो । यस अभियान अन्तरगत टोल-वस्ती र वडाका मूख्य केन्द्रहरुमा असहज र वर्षाले क्षतिग्रस्त मोटर मार्गहरुको नगरको व्याक हो लोडर आलोपालो प्रयोग गरि स्तरोन्नती गर्ने निर्णय गरियो ।

निर्णय नं.३ आ.व. २०८२/०८३ को हाल सम्मको योजना तथा कार्यक्रमहरुको प्रगती समीक्षा गरियो । समीक्षाका आधारमा चालु आ.व.का योजनाहरुलाई समयमै सम्पन्न गर्नका लागि सम्बन्धित वडा कार्यालय, शाखा, उपशाखाहरुलाई थप क्रियाशिल हुन निर्देशन दिने निर्णय गरियो ।साथै अधुरा रहेका योजनाहरुलाई प्राथमिकताका साथ सम्पन्न गर्न कार्ययोजनालाई प्रभावकारी लागु गर्ने निर्णय गरियो

निर्णय नं.४ सम्पूर्ण भानुवासीहरुलाई नेपाल संवत, तिहार, छठ पर्वको अवसरमा हार्दिक शुभकामना आदान प्रदान गर्ने निर्णय गरियो । नगरकार्यपालिकाको तर्फबाट नगरप्रमुख द्वारा शुभकामना सन्देश जारी गर्ने र सबै वडा कार्यालयहरुलाई आ-आफ्नो क्षेत्रमा शान्ती सद्भभाव र भाइचारा कायम राख्नका लागि समन्वय गर्न आग्रह गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ विविध विषयका सम्बन्धमा ।

क) कृषि एम्बुलेन्सको राजस्व छुट सम्बन्धमाः

अ) भानु नगरकार्यपालिकाद्वारा "कृषि उपज संकलन र बजारीकरणका लागि कृषि एम्बुलेन्स" कार्यक्रमलाई सफल पार्न तथा नगरपालिकाको स्रोतको अधिकतम उपयोग गर्नका लागि देहाय बमोजिमका निकायहरुमा सिफारिस तथा अनुरोध गर्ने निर्णय गरियो ।



सुरज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

२०८२/०६/२४

आनन्द राज त्रिपाठी
प्रमुख

❖ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेशः

अ) नवप्रवर्तन साझेदारी कार्यक्रमको कार्यान्वयन निकायको रूपमा, सह-लगानीमा खरिद गरिने कृषि एम्बुलेन्सको खरिदमा लाग्ने राजस्व छुट (भन्सार महसुल, मूल्य अभिवृद्धि कर, दर्ता शुल्क लगायत) का लागि अर्थ मन्त्रालय, नेपाल सरकार तथा प्रदेश सरकारका सम्बन्धित निकायहरूमा आवश्यक समन्वय तथा सिफारिसका लागि अनुरोध गर्ने।

आ) कृषि तथा पशुपन्छी मन्त्रालय, गण्डकी प्रदेशः कार्यक्रमको प्राविधिक तथा विषयगत मन्त्रालयको रूपमा, कृषि उपजको सहज संकलन र बजारीकरणका लागि प्रयोग हुने उक्त कृषि एम्बुलेन्सको खरिद तथा सञ्चालनमा आवश्यक सहजीकरण तथा प्राविधिक सहयोगका लागि अनुरोध गर्ने।

इ) सम्बन्धित निकायहरू (नेपाल सरकार, अर्थ मन्त्रालय, भन्सार विभाग, यातायात व्यवस्था विभाग लगायत): कृषि एम्बुलेन्सको खरिदमा लाग्ने सम्पूर्ण राजस्व (कर तथा शुल्क) मा पूर्ण छुट वा अधिकतम सहुलियत प्रदान गरी कार्यान्वयनमा सहयोग पुर्‍याउनका लागि आवश्यक समन्वय तथा सिफारिस गर्ने।

**ख) मर्स्याङ्दी लिफ्टिङ खानेपानी योजना**

भानु नगरपालिकाका वडा नं. १, २, ३, ४, ७, ८ र ९ मा खानेपानीको दिगो व्यवस्थापन गर्न आवश्यक भएकोले, मर्स्याङ्गडी नदीबाट लिफ्टिङ गरी खानेपानी वितरण गर्ने आयोजना अगाडि बढाउन तपसिल बमोजिम गर्न सर्वसम्मत निर्णय गरियो।

तपसिल

अ) लिफ्टिङ बिन्दु (Lifting Point) निर्धारणः मर्स्याङ्गडी लिफ्टिङ खानेपानी आयोजनाको खानेपानी लिफ्टिङ बिन्दु भानु नगरपालिका वडा नं. ८ को बेनिबगर कायम गरिएको छ।

आ) विभागलाई अनुरोधः उक्त खानेपानी योजनाको प्रोजेक्ट स्क्रिनिङ प्रयोजनका लागि आवश्यक प्रक्रिया अगाडि बढाउन र लिफ्टिङ बिन्दु बेनिबगरबाट लक्षित वडा (१, २, ३, ४, ७, ८, ९) सम्मको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्नका लागि खानेपानी तथा ढल व्यवस्थापन विभागलाई औपचारिक अनुरोध पत्र पठाउने।

इ) तथ्यांक र सर्वेक्षण कार्यमा सहयोगः खानेपानी तथा ढल व्यवस्थापन विभाग वा सो विभागबाट खटिएका परामर्शदाता/प्राविधिक टोलीलाई स्थलगत तथ्यांक संकलन तथा सर्वेक्षण (Survey) कार्यमा आवश्यक सहयोग उपलब्ध गराउन देहायका व्यक्तिहरूलाई खटाउनेः

| क्र.सं. | व्यक्तिको नाम | पद/जिम्मेवारी | सम्पर्क नम्बर |
|---|---|---|---|
| १. | काजिराम अधिकारी | खा.पा.स.टे. | ९८४६१९४९७९ |
| २. | शान्त विक्रम अधिकारी | खा.पा.स.टे. | ९८५६०४२६४१ |
| ३. | सम्बन्धित वडाको वडा सदस्य | वडा सदस्य | |



सुरज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

आनन्द राज त्रिपाठी
प्रमुख

ग) मेडपा/ सामी कार्यक्रमः

आर्थिक वर्ष २०८२/०८३ मा लघु उद्यम विकास कार्यक्रम (MEDPA) लाई थप प्रभावकारी र लक्षित वर्गसम्म पुऱ्याउन वडा नं ५ र वडा नं ६ छनौट गर्ने निर्णय गरियो।

आर्थिक वर्ष २०८२/०८३ मा विदेशिने नागरिकहरूको बाहुल्यता, जोखिमको सम्भाव्यता र सेवाको अत्यावश्यकतालाई आधार मान्दै वडा नं ७ र वडा नं ८ मा सामी कार्यक्रम सञ्चालन गर्न वडा छनौट गर्ने निर्णय गरियो

घ) अध्ययन बिदाः

कृषि अधिकृत श्री विनोद थापा ले मिति २०८२/०५/१९ गते यस कार्यालयमा पेश गर्नुभएको निवेदन मार्फत सरकारी कर्मचारी अतिरिक्त कोटामा छनौट भई उच्च शिक्षाका लागि माग गरिएको तलबी अध्ययन बिदा स्वीकृत गर्ने निर्णय गरियो।

ङ) भानु नगरपालिकाद्वारा वडा नं. १ स्थित सातिघाट क्षेत्र तथा आदिकवि भानुभक्त आचार्य समाधी स्थल निर्माण तथा विकासका लागि उक्त क्षेत्रको डि.पी. आर. गर्ने तथा अन्य कार्यका लागि सतिघाटधाम विकास समिति गठन गर्ने निर्णय गरियो ।

च) भानु नगरपालिकाको स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन बमोजिम मर्स्याङ्दी नदी अन्तर्गत रहेका घाटबाट नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा) संकलन, उपयोग र बिक्री वितरणका लागि गण्डकी प्रदेशको आर्थिक ऐन, २०८२ मा तोकिए बमोजिमको न्यूनतम दरमा थप १० प्रतिशत सहित दररेट कायम गरी ठेक्का बन्दोबस्त गर्न नगरकार्यपालिकाको मिति २०८२/०४/१९ गतेको बैठकबाट स्वीकृत गरिएको IEE प्रतिवेदन अनुसार तपसिल बमोजिमका घाटहरुबाट तपसिलमा उल्लेख भए बमोजिमका परिमाण उत्खनन तथा विक्रि वितरणका लागि ठेक्का बन्दोबस्त गर्ने निर्णय गरियो ।

मर्स्याङ्दी नदी अन्तर्गत रहेका घाटबाट नदीजन्य पदार्थ (ढुंगा गिट्टी, बालुवा) संकलन, उपयोग र बिक्री वितरण सम्बन्धित विस्तृत विवरण

| सि. नं. | घाटको विवरण | स्वीकृत IEE प्रतिवेदन बमोजिम उत्खनन् योग्य भण्डारण परिमाण (घ. मी.) | स्वीकृत IEE प्रतिवेदन बमोजिम उत्खनन् योग्य परिमाण (घ. मी.) | आ.ब. २०८२/८३ मा बिक्रीका लागि प्रस्तावित अधिकतम् परिमाण (घ. मी.) | कैफियत |
|---|---|---|---|---|---|
| १. | बालुवा घाट, भानु -१ | १८,००० | १८,००० | १८,००० | |
| २. | अँधेरी घाट, भानु -१ | २,४३० | १,२०० | १,२०० | |
| ३. | बुडुवा घाट, भानु -२ | ४,५०० | ४,५०० | ४,५०० | |



सुरज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

आनन्द राज त्रिपाठी
प्रमुख

२०८२/०६/२४

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | आम्बोटे घाट १, भानु -२ | १,१२५ | १,१२५ | १,१२५ | |
| ५. | कुर्कुना घाट, भानु -३ | १,५०० | ५०० | ५०० | |
| ६. | ढुकुर्दी घाट, भानु -३ | २,९२५ | २,९२५ | २,९२५ | |
| ७. | बलीफाँट घाट, भानु -८ | ३,६०० | ३,६०० | ३,६०० | |
| ८. | बेनी घाट, भानु -८ | ५,४०० | ५,४०० | ५,४०० | |
| ९. | लखु ढुंगा घाट, भानु ९ र १० | १,४०० | १,४०० | १,४०० | |
| १०. | रयाले घाट, भानु १० | ९,००० | २,५८७ | २,५८७ | |

छ) भानु नगरपालिकाद्वारा मिति २०८२/०४/१९ मा कायम गरिएको स्थानीय दरको विश्लेषण भौतिक पूर्वाधार शाखाद्वारा पेश गरिए अनुसार नै स्वीकृत गर्ने निर्णय गरियो । यस अगाडी गरिएका लागत अनुमान समेत यस निर्णय बमोजिम भए गरिएको हुने गरि अनुमोदन गर्ने निर्णय गरियो ।

ज) भानु नगरपालिका भित्रका सडकमा परेका जग्गाको लगत कट्टा गर्नका लागि आ.व. २०८१/०८२ मा गण्डकी प्रदेश सरकार र यस नगरपालिकाद्वारा साझेदारी गर्ने गरी स्वीकृत बजेटबाट कार्य गर्न सम्झौता भएको छ । सो कार्य गर्न भानु नगरपालिका र जियो इन्जीनियरिङ्ग कन्सलटन्सी प्रा.लि. काठमाण्डौ बिच सम्झौता भई १०१.९९१ कि.मि. मोटर बाटो भित्र पर्ने जग्गा लगत कट्टाको नापजाँच अभिलेख तयार गरी मालपोत कार्यालयबाट रोक्का राखिएको हुदाँ लगत कट्टा वापतको रकम रु.१७,१५,४९३.७३ सम्बन्धित फर्मलाई भुक्तानी गर्न निर्देशन दिने निर्णय गरियो ।

झ) साझा पहिचान र भाषिक, राष्ट्रिय एकतालाई प्रवर्द्धन गर्ने उद्देश्यले भानु नगरपालिका र बन्दीपुर गाउँपालिकाको सिमानामा रहेको नगरपालिका प्रवेश गर्ने स्थानलाई ऐतिहासिक र प्रेरणादायी स्थलका रूपमा विकास गर्नका लागि देहाय बमोजिम निर्णय गरियो:

देहायः

**शालिक निर्माणको अभियान थालनीः** भानु नगरपालिका र बन्दीपुर गाउँपालिकाको सिमाना (नगरपालिका प्रवेश द्वार) मा राष्ट्रिय विभूति, नेपाल र नेपालीको पहिचान, भाषिक एकताका प्रणेता **आदिकवि भानुभक्त आचार्य** र नेपाल राष्ट्रको एकीकरणका महानायक **पृथ्वीनारायण शाह** को पूर्ण कदको शालिक निर्माण अभियान तत्काल थालनी गर्ने निर्णय गरियो।

**सहयोगका लागि राष्ट्रिय/अन्तर्राष्ट्रिय आह्वानः** उक्त शालिक निर्माण कार्यलाई सफल पार्नका लागि आवश्यक पर्ने सम्पूर्ण आर्थिक तथा भौतिक सहयोग जुटाउन देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरू, सबै स्थानीय तह, सरोकारवाला संघ-संस्थाहरू, सरकारी एवं गैर-सरकारी निकायहरू, उद्योगी, व्यवसायी र आम नागरिकहरूलाई हार्दिक सहयोगका लागि औपचारिक रूपमा आह्वान गर्ने निर्णय गरियो।



सुरज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

आनन्द राज त्रिपाठी
प्रमुख

**शालिक निर्माण तथा व्यवस्थापन समिति गठन**: शालिक निर्माण कार्यलाई व्यवस्थित रूपमा अघि बढाउन र पारदर्शिता कायम गर्नका लागि **'राष्ट्रिय विभूति शालिक निर्माण तथा व्यवस्थापन समिति'** गठन गर्ने निर्णय गरियो ।

**प्रचारप्रसार**: शालिक निर्माणको अभियानलाई व्यापक रूपमा प्रचार प्रसार गरी जनस्तरबाट सहयोग जुटाउनका लागि आवश्यक संयन्त्रहरू परिचालन गर्ने निर्णय गरियो ।

ञ) एभरेष्ट सास्टेनेविलिटि फाउन्डेशन (ECF), सानेपाबाट प्रास प्रस्ताव बमोजिम भानु नगरपालिकाको लागि ECF ले देहाय बमोजिमका कार्यहरु गर्ने निर्णय गरियो:

- **कार्बन फुटप्रिन्ट क्यालकुलेटर (Carbon Footprint Calculator)** को निर्माण तथा हस्तान्तरण गर्ने।
- **कार्बन उत्सर्जन मापन, रिपोर्टिङ तथा प्रमाणीकरण (Carbon Emission Calculation, Measurement, Reporting, and Verification - CMRV) प्रदान गर्ने**
- **नगरपालिकास्तरीय (NDC 3.0) लक्ष्य निर्धारण तथा मस्यौदा निर्माण** गर्न आवश्यक परामर्श सेवा (Consultation) प्रदान गर्ने।
- NDC 3.0 मा उल्लेखित विधा अनुसार कार्बन क्याप्चर तथा **सिक्वेस्ट्रेशन (Carbon Capture and Sequestration - CCS) परियोजनाहरु** निर्माण गर्न आवश्यक परामर्श (Consultancy) प्रदान गर्ने तथा परियोजना विकासका लागि दातृ निकायहरु, वन तथा वातावरण मन्त्रालय लगायतका सरोकारवालाहरुसँग आवश्यक समन्वय गर्ने।
- उल्लेखित कार्यहरु सम्पादन गर्न ECF बाट खटिने प्रतिनिधिहरुको आवास, खाना, आवागमन तथा भाडा सम्बन्धी कार्यक्रम अवधिभरको खर्च (बिल बमोजिमको) बढीमा रु. ७०,०००/- (अक्षरेपी सत्तरी हजार रुपैयाँ मात्र)) नगरपालिकाबाट भुक्तानी गर्ने निर्णय गरियो। उक्त अबधिमा तथ्यांक संकलन, प्रतिवेदन तयारी तथा परियोजना निर्माण लगायतका कार्यमा प्रतिनिधिहरु संलग्न रहनेछन ।

ट) भानु नगरपालिकाको MBBS अध्ययनका लागि छात्रवृत्ती वितरण कार्यविधि, २०८१ को तपसिल बमोजिमको दफा संशोधन गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र.सं. | शाखा | विषय | विद्यमान व्यवस्था | संशोधन हुनु पर्ने विषय | संशोधन गर्नुपर्ने औचित्य |
|---|---|---|---|---|---|
| १. | शिक्षा | MBBS छात्रवृत्तीको दफा ८ मा संशोधन | जाँचबुझ तथा सिफारिस्सि समितिले प्रमुख प्रशासकीय अधिकृत. समक्ष सिफारिस गर्नेछ । | जाँचबुझ तथा सिफारिस समितिले नगरकार्यपालिका समक्ष सिफारिस गर्नेछ । | नगर प्रमुखको अध्यक्षता रहेको समितिले प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गर्न नमिल्ने भएकोले एक तह माथिल्लो तहमा सिफारिस गर्नुपर्ने भएकोले । |



सुरज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

आनन्द राज त्रिपाठी
प्रमुख
२०८२।०८।२४

भानु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फुङ्देटार, तनहुँ
गण्डकी प्रदेश, नेपाल

ठ) हालै भएको जेन्जी आन्दोलनका सन्दर्भमा भएको आगजनी, तोडफोड लगायतका घटनाबाट जिल्ला प्रशासन कार्यालय पूर्ण रुपमा क्षति भएको हुदाँ उक्त कार्यालयलाई १.५ टनका २ वटा ए.सी. विपद् शीर्षकबाट खरिद गरी घटनाबाट जिल्ला प्रशासन कार्यालय, तनहुँलाई हस्तान्तरण गर्ने निर्णय गरियो ।

ड) भानु नगरपालिकामा नगरपालिका भित्र र बाहिरका विभिन्न क्षेत्रबाट आर्थिक सहायताको लागि परेका निवेदन उपर छलफल गर्दा तपसिल बमोजिमका व्यक्ति, संस्था, कार्यक्रमकलाई तपसिल बमोजिमको राहत उपलब्ध गराउने निर्णय गरियो ।

तपसिलः

| क्र.सं. | वडा नं. | नाम | रकम | बजेट शीर्षक | कैफियत |
|---|---|---|---|---|---|
| १. | ३ | नवनिर्मित विश्वकर्मा बाबाको मन्दिर समद्घाटन | ३०,००० | अ.सा.सु.एंव आ.उ. | |
| २. | ३ | दोरदोर लाकुरी भञ्याङ टोलका करिब ७५ घर धुरीले उपभोग गर्ने लिफ्टिङ खानेपानीको मोटर खरिद गरि सम्बन्धीत वडा कार्यालयलाई हस्तान्तरण गर्ने । | | | |
| ३. | ८ | सहनशिल आमा समूह ठाटीपाटा ५० वटा कुर्ची खरिद गरी हस्तान्तरण गर्ने । | | | |

ढ) हालै भएको जेंजी आन्दोलनका क्रममा जिल्ला प्रशासन कार्यालय, तनहुँको कार्यालय भवन तथा सबै सरकारी सवारी साधनहरू पूर्ण रूपमा क्षति भई नागरिक सेवा र जिल्लाको सुरक्षा संयन्त्रको नेतृत्व गर्ने संवेदनशील कार्यमा गम्भीर अवरोध उत्पन्न भएको अवस्थालाई मध्यनजर गर्दै, तत्काल सेवा प्रवाहलाई निरन्तरता दिन र सुरक्षा संयन्त्रको नेतृत्वलाई प्रभावकारी बनाउन अपरिहार्य देखिएकोले, जिल्ला प्रशासन कार्यालयलाई नियमित सेवा प्रवाह तथा शान्ति सुरक्षा कायम गर्ने गहन जिम्मेवारी निर्वाह गर्नमा सहयोग पुग्ने विश्वासका साथ नगर प्रमुखले प्रयोग गर्दै आउनुभएको ग १ झ ३५११ नम्बरको सवारी साधन (जीप) तत्कालको लागि जिल्ला प्रशासन कार्यालय, तनहुँलाई प्रयोग गर्न उपलब्ध गराउने निर्णय गरियो ।

सुरज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

आनन्द राज त्रिपाठी
प्रमुख

भानु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

ण) भानु नगरपालिका क्षेत्र भित्र विभिन्न प्रकृतिका विपद्का कारण क्षति भएका व्यक्तिहरुबाट प्राप्त निवेदनहरु विपद् व्यवस्थापन समितिबाट छानविन गरी नगरकार्यपालिकामा सिफारिस गरिएका तपसिल बमोजिमका व्यक्ति/संस्थालाई निम्न बमोजिमको राहत रकम उपलब्ध गराउने निर्णय गरियो ।

तपसिलः

२०८२/०६/२४ सम्म विपत घटना घटि राहतका लागि परेका निवेदन , भएको क्षती र राहत रकमको विवरण

| ऋ.सं. | ठेगाना (वडा नं) | निवेदकको नाम | विपद्को प्रकृति | विषय (छोटकरीमा) | अन्तिम निर्णय (सारांस) जिन्सी | नगद | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | १ | सांखेटार देउरालली मोहरीया मार्ग | अन्य | वाल लाउन पर्ने | | ३००००.०० | |
| | | | | | | | |
| २ | २ | चोभनाथ लामिछाने | अन्य | लैनो भैंसि मरेको | | २००००.०० | |
| ३ | २ | ढावे बाँध | बाढी | बाढीको कारण कुलो सञ्चालनमा नआएको | | २००००.०० | |
| ४ | २ | मनकामना मन्दिर | पहिरो | मनकामना मन्दिर परिसरमा पहिरो ले क्षेती | | २५०००.०० | |
| ५ | २ | बेलटार खेल मैदान | पहिरो | बेलटार खेलमैदान पहिरोको उच्च जोखिम | | २००००.०० | |
| ६ | २ | केदार बहादुर कुवार | बाढी | २०८१ साल श्रावण महिनाको धवादी खोलामा आएको बाढीको कारण गोगटे बाधँमा पुर्ण रुपमा क्षेती | | १५०००.०० | |
| | | | | | | | |
| ७ | ३ | शितला जेष्ठ नागरिकको भवन | वर्षा | वर्षाको कारण क्षेती | | १५०००.०० | |
| ८ | ३ | सामाना युवा क्लव | वर्षा | अविरल वर्षाको कारण उक्त युवा क्लवको खेलमैदानमर्स्यांदी नदीले क्षति पुर्याएको तथा उच्च जोखिममा घेरावार अति आवश्यक | | ३००००.०० | |
| | | | | | | | |
| ९ | ४ | चुँदीवेशी आमा समुह | अन्य | साल्टारीमा बरको हाँगा भाचिन गई आमा समुहको भवनमा क्षेती | | १००००.०० | |
| १० | ४ | विमला सार्की | वर्षा | घर तल पहिरो गई ५ घर धुरी लाई समेत हिड्न असहज | | २५०००.०० | |
| ११ | ४ | प्रेम बहादुर रानाभाट | अन्य | धोती चुर मार्ग निर्माणमा निजको घरआगन र भान्छा कोठा समेत भत्किई उच्च जोखिम | | २००००.०० | |
| | | | | | | | |
| १२ | ५ | किरण अर्याल | अन्य | Infectious Bursal Disease को संक्रमणले २८ दिनका ८५० वटा लेयर्स कुखुराको चल्लाको मृत्यु | | २५०००.०० | |
| | | | | | | | |
| १३ | ६ | चिहान डाडा विश्राम स्थल | हावाहुरी | हावाहुरिले ट्रस्ट उडाको | | २५०००.०० | |
| | | | | | | | |
| १४ | ७ | चन्दनी मोटर मार्ग | वर्षा | अविरल वर्षाको कारण उक्त मार्गमा क्षेति पुर्याएको | | २५०००.०० | |
| | | | | | | | |
| १५ | ८ | देवक धिताल | वर्षा | अविरल वर्षाको कारण सिन्चाई गर्ने कुलोमा क्षेति पुर्याएको | | २५०००.०० | |
| १६ | ८ | प्रेम बहादुर खत्री | हावाहुरी | घरको छानो उडाएको | | २५०००.०० | |

सुरज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत



आनन्द राज त्रिपाठी
प्रमुख

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १७ | ८ | हरी अधिकारी क्षेत्री | आगोलागी | अन्दाजी ९० भारी परालको टौवा जलेर नष्ट | | १००००.०० | |
| १८ | ८ | कृष्ण वहादुर वि.क | हावाहुरी | हावाहुरीले निजको आरनमा क्षेती पुर्याएको | | १००००.०० | |
| | | | | | | | |
| १९ | ९ | पुर्कोट कालिका बहुमुखी क्याम्पस | वर्षा | अविरल वर्षाको कारण क्याम्पसको उत्तर-पुर्व दिशाको घेराबार वाल भत्केको | | ३००००.०० | |
| | | | | | | | |
| २० | १० | लामास्वारामा भकल खेत सिचाई कुलो | अन्य | कालिकाथान बाट लामास्वारा सडक खने कम्मा अन्दाजी १५० मिटर जती कुलो पुर्याको | | २५०००.०० | |
| २१ | १० | लौडारी एकिकृत कृषी तथा पशु पन्छी फर्मका प्रोपाइटर / इन्द्रराज लौडारी | वर्षा तथा हावाहुरी | अविरल वर्षा र हावाहुरिले कुखुराको खोर पुर्ण रुपले क्षेती | | ३००००.०० | |
| २२ | १० | ववितता आले | वर्षा तथा हावाहुरी | अविरल वर्षा र हावाहुरिले तरकारिको टनेल पुर्ण रुपले क्षेती | | २००००.०० | |
| | | | | | | | |
| २३ | ११ | राम कृष्ण अधिकारी | अन्य | भैसि मरेको | | ५०००.०० | |
| | | | | | | | |
| २४ | १२ | सिता अधिकारी | वर्षा तथा | घरको टिनको छानो उडाएको | | २००००.०० | |
| २५ | १२ | पम्फा अधिकारी क्षेत्री | वर्षा तथा | घरको टिनको छानो उडाएको | | १००००.०० | |
| २६ | १२ | मैति कुमारी वि.क | वर्षा तथा | घरको टिनको छानो उडाएको | | १५०००.०० | |
| २७ | १२ | धन बहादुर गुरुङ | वर्षा तथा | घरको टिनको छानो उडाएको | | २००००.०० | |
| २८ | १२ | सन्तु माया गुरुङ | वर्षा तथा | घरको टिनको छानो उडाएको | | २००००.०० | |
| २९ | १२ | राम बहादुर सार्की | वर्षा तथा | घरको टिनको छानो उडाएको | | २००००.०० | |
| ३० | १२ | कुसुण्डे खानेपानि ट्याङ्की | वर्षा तथा | रूख लडेर ट्याङ्की पुर्ण क्षेती | | २००००.०० | |
| ३१ | १२ | डम्बर बहादुर सार्की | वर्षा तथा | घरको टिनको छानो उडाएको | | २५०००.०० | |
| ३२ | १२ | फुलमाया लम्साल | वर्षा तथा | घरको टिनको छानो उडाएको | | २००००.०० | |
| ३३ | १२ | हरि बहादुर खड्का | वर्षा तथा | घरको टिनको छानो उडाएको | | १००००.०० | |
| ३४ | १२ | राम बहादुर खड्का | वर्षा तथा | घरको टिनको छानो उडाएको | | २००००.०० | |
| ३५ | १२ | चामे दमाई | वर्षा तथा | घरको टिनको छानो उडाएको | | २००००.०० | |
| ३६ | १२ | सिता थापा | वर्षा तथा हावाहुरी | घरको टिनको छानो उडाएको, भान्साघर र बाखा गोठमा क्षेती | | १५०००.०० | |
| ३७ | १२ | कृष्ण बहादुर मगर | वर्षा तथा | घरको टिनको छानो उडाएको | | १००००.०० | |
| ३८ | १२ | गणेश बहादुर क्षेत्री | वर्षा तथा हावाहुरी | घरको टिनको छानो उडाएको, टमाटर टनेलमा क्षेती | | १५०००.०० | |
| ३९ | १२ | कमल अधिकारी | वर्षा तथा | घरको टिनको छानो उडाएको | | २५०००.०० | |
| ४० | १२ | काजु बहादुर वि.क | वर्षा तथा | घरको टिनको छानो उडाएको | | १५०००.०० | |
| ४१ | १२ | आनन्द बहादुर अधिकारी | हावाहुरी | घरको टिनको छानो उडाएको | | २५०००.०० | |
| ४२ | १२ | हर्क बहादुर गुरुङ | वर्षा तथा | घरको गारो भत्किएको | | १५०००.०० | |
| ४३ | १२ | चमेली नेपाली | हावाहुरी | घरको टिनको छानो उडाएको | | १५०००.०० | |
| ४४ | १२ | श्री सरस्वती मन्दिर माध्यमिक विद्यालय | अन्य | पार्किङ माथिको प्रतिक्षालयको प्लाइउड जिर्ण भएको | | ३००००.०० | |
| ४५ | १२ | दान बहादुर अधिकारी | अन्य | घर भत्किएको | | २५०००.०० | |
| ४६ | १२ | मेत्तर दर्जी | चट्याङ | कुटानी पिसानी मिलमा चट्याङ परी क्षेति | | १५०००.०० | |
| ४७ | १३ | महमद अलि मिया | वर्षा | वर्षाले निजको घर पुर्ण रुपमा क्षेति भई अन्न पातमा समेत नष्ट भएको | | २००००.०० | |
| ४८ | १३ | वाल कुमारी गुरुङ | हावाहुरी | हावाहुरीले घरको छानो पुर्ण रुपमा क्षेती | | २५०००.०० | |
| | | | जम्मा | | | ९५५०००.०० | |

सुरज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत



आनन्द राज त्रिपाठी
प्रमुख